मालारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

**१५ शैयाको आधारभूत अस्पताल भवन निर्माणको लागि ईन्जिनियरिङ परामर्श सेवा खरिद सम्वन्धी प्रस्ताव आव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७८।०६।०१

यस कार्यालयबाट निर्माण हुने १५ शैयाको आधारभुत अस्पताल भवन निर्माण अबधिको लागि देहायको परामर्श सेवा खुल्ला प्रतिष्पर्धा मार्फत खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र(१५) दिन भित्र इच्छुक परामर्शदाता/ कम्पनी/ फर्म वा संस्थाहरुबाट तपशीलको शर्तको अधिनमा रही रीतपूर्वकको आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशीलः

१) पेश गर्नुपर्ने कागजातहरु

प्रस्ताव पेश गर्न इच्छुक रहेको आवेदकसस्थाको विस्तृत बिवरण, कम्पनी दर्ता, नवीकरण,भ्याट,प्यान दर्ता तथा कर चुक्ताको प्रमाणपत्रहरु, सस्थाको प्रोफाईल तथा कार्यानुभव विवरण, सस्थाको विगत तीन बर्षको वित्तीय कारोवार सम्वन्धी बिवरण, सस्था कालोसूचीमा नपरेको स्वघोषित पत्र, विगत ३(तीन) वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम,स्थान र विवरण तथा नीजको व्यक्तिगत बिवरण, सस्थाका प्रमुख कर्मचारीहरु तथा आवद्ध पेशागत विज्ञहरुको व्यक्तिगत बिवरण(CV) तथा कार्यानुभवको क्षेत्रहरु प्रस्तावको सेवा करारनामा शर्त(ToR) मा उल्लेख भएको डाटासिट बमोजिम पेश गर्नु पर्नेछ ।

२) प्रस्तावको सेवा करारनामा शर्त(ToR) र आर्थिक प्रस्तावको फारम सूचना प्रकाशित मितिले १५ औं दिनको कार्यालय समय भित्र खरिद गर्नु पर्नेछ । सोको लागि मालारानी गाउँ कार्यपालिकाको कार्यालयको आन्तरिक राजश्व शाखामा रु. १०००।००(एक हजार) फिर्ता नहुने गरी बुझाएको नगदी रसिद र कम्पनी/ संस्था दर्ता, नविकरण, भ्याट, प्यान दर्ता तथा कर चुक्ताको प्रमाणपत्रहरु संलग्न राखी आवेदन पेश गर्नु पर्नेछ ।

३) खरिद गरिएको फारमको महलहरुमा स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी सूचना प्रकाशन भएको मितिले १५औं दिनको १२।०० बजे भित्र यस कार्यालयमा उपस्थित भई आर्थिक र प्राबिधिक प्रस्ताव छुट्टा छुट्टै खाममा सिलबन्दी गरि पुन दुबै सिलवन्दी खाम अर्को एक खाम भित्र राखि पुनः सिलबन्दी गरिएको प्रस्ताव दर्ता गर्न सकिनेछ । १५ औं दिनका दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिन दर्ता गराउन सकिने छ ।

४) यस सूचनामा उल्लेख भएका कुरा यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

५) प्रस्ताव स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

६) म्याद नाघी, कुनै शर्त राखी वा रीत नपुगी आएका प्रस्ताव उपर कुनै कारवाही गरिनेछैन ।

७) थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

रमेश पन्थी

प्रमुख प्रशासकीय अधिकृत